


# ९ सेवा गर्नु र उद्धार गर्नु

*__यस अध्यायका मूल पदहरू:__* **यशैया ४१, यशैया ४२:१-७, यशैया ४४:२६-४५:६ र यशैया ४९:१-१२।**

*__यस अध्यायको मूल सार पद:__* **"हेर, मेरा सेवक जसलाई म उचाल्दछु, मेरा चुनिएका जन जसमा मेरो आत्मालाई हर्षित तुल्याउँछ। तिनमा म मेरो आत्मा राखिदिएको छु। तिनले जाति-जातिहरूमा न्याय ल्याउनेछन्" (यशैया ४२:१ रूपान्तरित)।**

"यस संसारमा येशू हुँदा उहाँको जीवनकालका घट्नाका दृश्यहरूमा, उहाँ जहाँ हिंड्नुभयो त्यहाँ हिंड्ने, गालिलको समुद्रको किनारमा सिकाउन मन पर्नुभएको ठाउँमा, ती पहाड र उपत्यकाहरूमा जहाँ उहाँका नजरहरू प्रायजसो राख्नुभएको थियो-त्यहाँ त्यहाँ तिर्थ यात्राको रूपमा जान पाए कस्तो शुभ अवसर हुने थियो भनेर धेरैले सोच्दछन्। तर येशूको कदममा हिंड्न हामी नाजरथमा, कपर्नुममा, बेथानीमा जानु आवश्यक छैन। बिरामीको ओछ्यानको छेऊमा, गरिब निमुखाहरूको टहराहरूमा, ठूला ठूला सहरहरूको भिंडभाडमा र प्रत्येक ठाउँमा जहाँ मानव हृदयहरूलाई सान्त्वना, मिठो वचन र हाम्रो सेवाको आवश्यक छ त्यहाँ उहाँका पाइलाका छापहरू हामी पाउँछौं। यस संसारमा हुँदा येशूले जे गर्नुभयो त्यही कामहरू हामीले गर्दा हामी उहाँका पाइलाहरूमा हिंडिरहेका हुन्छौं।"-एलेन जी ह्वाइट, द डिजाइर अभ एजेज्, पृ. ६४०बाट रूपान्तरित।

यशैयाले त्यही खालको कृपाको लक्ष्य लिएर आउनुहुने प्रभुको सेवकको बारेमा सम्बोधन गरेका थिएः "३ फुटेको निगालो तिनले भाँच्नेछैनन्, र धिपधिप भइरहेको बत्ती तिनले निभाउनेछैनन्। तिनले विश्वस्ततामा न्याय गर्नेछन्।...७ अन्धाहरूका आँखा खोल्नलाई, कैदीहरूलाई कारागारबाट मुक्त

गर्न र अन्धकारमा बस्नेहरूलाई कैदी राख्ने कालकोठरीबाट निकाल्नलाई" (यशैया ४२:३,७ रूपान्तरित)।

यो कस्तो खालको सेवक हो, उहाँ को हुनुहुन्छ र उहाँले कै काम सम्पन्न गर्नुभयो सो हामीले यस अध्यायमा हेर्नेछौं।

## १. सेवक राष्ट्र (यशैया ४१)

**यशैया ४१:८मा परमेश्वरले "इस्राएल, मेरा सेवक" (रूपान्तरित) भनेर सम्बोधन गर्नुहुन्छ भने र यशैया ४२:१मा उहाँले "मेरा सेवक" भनेर चिनाउनुहुन्छ। त्यो सेवक को हुनुहुन्छ त?**

के यहाँ सम्बोधन गरिएको व्यक्ति इस्राएल वा याकूब जो इस्राएलीहरूको पूर्खा हो त? वा इस्राएल राष्ट्र नै हो? के मसीह वा ख्रीष्ट भनेर नयाँ करारमा चिनाइएको व्यक्ति येशू नै हुन त?

यशैया ४१-५३सम्म बुनिएका परमेश्वरका सेवकहरू भन्दा दुई खालहरूलाई सम्बोधन गरिएको पाइन्छ। एक जना सेवक "इस्राएलः" वा "याकूब" जुन यशैया ४१:८, यशैया ४४:१,२,२१, यशैया ४५:४ र यशैया ४८:२०मा सम्बोधन गरिएको छ। किनभने परमेश्वरले याकूब वा इस्राएललाई बर्तमान काल प्रयोग गरिएको छ। उनको बंशबाट आएको इस्राएली राष्ट्रले त्यसलाई सम्बोधन गरिएको भन्ने कुरो स्पष्ट छ। जब उनी अर्थात् "सेवक इस्राएल" वा इस्राएलीहरू बेबिलोनबाट आफ्नो देश इस्राएलमा फर्केका थिए तब तिनीहरूको उद्धारको योजना सम्पन्न भएको थियो।

अर्को परिवेशमा जस्तै यशैया ४२:१, यशैया ५०:१०, यशैया ५२:१३ र यशैया ५३:११मा हेर्दा परमेश्वरको सेवकको नाउँ किटानी गरिएको छैन। जब उहाँलाई यशैया ४२:१मा पहिलो पटक उल्लेख गरिएको थियो तब उहाँ यो नै हुनुहुन्छ भनेर उत्तिनैखेर ठम्याइएको थिएन। तर यशैयाले त्यस व्यक्तिको व्यक्तित्वको बारेमा पछि छर्लङ्गै पार्दछन् तब त्यो व्यक्ति याकूब (इस्राएल)को बंशलाई पुनर्स्थापित गर्नुहुनेछ (यशैया ४९:५,६) र पापीहरूको निम्ति जीवन दिनुहुन्छ भनेर उल्लेख गरिएको छ (यशैया ५२:१३-५३:१२ र यशैया ४९:५,५)। त्यसकारण त्यस व्यक्ति राष्ट्र नै हुनुहुन्छ भन्न सकिन्दैन। त्यसकारण यो स्पष्ट छ कि यशैयाले परमेश्वरका दुई सेवकहरूको बारेमा चर्चा गर्दछन्। एकचाहीं सामूदाय (राष्ट्र) र अर्कोचाहीं व्यक्ति विशेष।

सेवक राष्ट्रको भूमिका के हो? हेर्नुहोस्, यशैया ४१:८-२० "८ "तर तँ, ए इस्राएल मेरो दास, याकूब, जसलाई मैले छानेको छु। मेरो मित्र अब्राहामको वंश, ९ तँलाई मैले पृथ्वीको अन्तदेखि समातेर ल्याएँ, र पृथ्वीको पल्लो छेउदेखि तँलाई बोलाएँ। मैले भनें, 'तँ मेरो दास होस्'। मैले तँलाई छानेको छु, र तँलाई इन्कार गरेको छैनँ। १० यसैले नडरा, किनकि म तँसित छु। निरुत्साहित नहो, किनकि म तेरा परमेश्वर हुँ। म तँलाई बलियो पार्नेछु। म तँलाई सहायता गर्नेछु। मेरो धार्मिकताको दाहिने हातले म तँलाई समाल्नेछु। ११ "तँदेखि रिसाउनेहरू सबै निश्चय नै लज्जित हुनेछन्, र शर्ममा पर्नेछन्। तेरो विरोध गर्नेहरू केही न केहीका हुनेछन् र नष्ट हुनेछन्। १२ तेरा शत्रुहरूलाई तैंले खोजे पनि उनीहरूलाई भेट्टाउनेछैनस्। तेरो विरोधमा युद्ध गर्नेहरू पनि बिलकुल निरर्थक हुनेछन्, र नष्ट हुनेछन्। १३ किनकि म, परमप्रभु तेरा परमेश्वर हुँ, म तेरो दाहिने हात समात्छु, र तँलाई यसो भन्छु, 'नडरा, म तँलाई सहायता गर्नेछु'। १४ ए कीरा याकूब, ए सानो इस्राएल, नडरा! किनकि म नै तेरो सहायता गर्नेछु," तँलाई उद्धार गर्नुहुने इस्राएलका परमपवित्र परमप्रभु घोषणा गर्नुहुन्छ। १५ "हेर्, म तँलाई नयाँ र तीखा दाँत भएको अन्न कुट्ने हतियार बनाउनेछु। तैंले पर्वतहरूलाई छाँट्नेछस्, र कुटी-कुटी धूलोपीठो बनाउनेछस्, र डाँड़ाहरूलाई भुस पार्नेछस्। १६ तैंले तिनीहरूलाई निफन्नेछस्, र बतासले तिनलाई उठाएर लैजानेछ, र आँधीले तिनीहरूलाई उड़ाएर लैजानेछ। तर तँचाहिँ परमप्रभुमा रमाहट गर्नेछस्। तैंले इस्राएलका परमपवित्रको महिमा गर्नेछस्।

१७ "गरीब र दरिद्रहरूले पानी खोज्छन्, तर केही पानी हुँदैन, तिनीहरूको जिब्रो प्यासले सुक्नेछ। तर म परमप्रभुले तिनीहरूलाई जवाफ दिनेछु। म इस्राएलका परमेश्वरले तिनीहरूलाई त्याग्नेछैनँ। १८ नाङ्गो टाकुराहरूबाट म नदीहरू बगाउनेछु, र बेंसीमा पानीका मूलहरू निकाल्नेछु। म मरुभूमिलाई पानीको दह, र सुक्खा जमिनलाई पानीका मूलमा परिवर्तन गर्नेछु। १९ मरुभूमिमा म देवदारुहरू र बबुल, असारे-फूल र जैतूनका रूखहरू उमार्नेछु। म रूखो जमिनमा सल्लाहरू र धूपीका रूखहरू एकसाथ उमार्नेछु, २० ताकि मानिसहरूले देखेर जानून् र विचार गरून् र पूरा रीतिले बुझून् कि यो परमप्रभुका हातको काम हो, अर्थात् इस्राएलका परमपवित्रले गर्नुभएको हो" (यशैया ४१:८-२०)।

यहूदी राष्ट्र वा इस्राएल परमेश्वरको सेवक हुन् भनेर परमेश्वरले अझै पनि विश्वस्त पार्नुहुन्छ। उहाँले भन्नुभयो, "मैले तिमीलाई चुनें र तिमीलाई फ्याँकेको छैन" (यशैया ४१:९ रूपान्तरित)। अनि परमेश्वरले इस्राएलको निम्ति बाइबलमा उल्लेख गरिएका अत्यन्तै भव्य र सानदार प्रतिज्ञाहरूमा एउटा उल्लेख गरिन्छ: "नडराऊ, म तिमीसित छु। म तिम्रो परमेश्वर भएको हुनाले तिमी त्रसित हुनु पर्दैन। मैले तिमीलाई बलियो पार्नेछु। म तिमीलाई सहयोग गर्नेछु। जितिएको दाहिने हातले म तिमीलाई उचाल्दछु" (यशैया ४१:१० रूपान्तरित)। यहाँ र पछिका पदहरूमा इस्राएलको आधारभूत भूमिका उल्लेख गरिएको छ, त्यो हो तिनीहरूलाई उद्धार गर्ने सत्य परमेश्वरमाथि भरोसा राख्नुपर्दछ जुन राजा आहाजले गरेनन्। अरू देविदेवताहरू र तिनीहरूका मूर्ति वा उपलब्धहरूमाथि भरोसा राख्नु फलदायी छैन जुन् अरू राष्ट्रहरूले राख्दछन् (यशैया ४१:७,२१-२४, २८,२९)।

**यशैया ४१:१४मा इस्राएल देशलाई परमेश्वरले किरा भनेर सम्बोधन गर्नुहुन्छ। उहाँले के भन्न खोज्नुभएको होला? त्यसको जवाफ पाउन पूरै पदहरू पढ्नुहोस्। त्यसले हामीलाई के सिकाउँछ? सबै कुरामा परमेश्वरमा पूरै भरोसा राख्नु आवश्यक छ भनेर के हामीले नस्वीकार्ने?**

## २. अनामिका परमेश्वरको सेवक (यशैया ४२:१-७)

**नाउँ नखोलिएको परमेश्वरको सेवकको भूमिका र स्वभाव अर्थात् चरित्र के उल्लेख गरिएको छ? उहाँलाई परमेश्वरले चुन्नुभएको थियो र उहाँको आत्मा राखिदिनुभएको थियो। त्यो को थिए? हेर्नुहोस्, यशैया ४२:१-७ "१ मेरो चुनिएका जन, जसमा म प्रसन्न हुन्छु। तिनमा म मेरो आत्मा राखिदिनेछु। तिनले जाति-जातिहरूमा न्याय ल्याउनेछन्। २ तिनी चिच्च्याउनेछैनन्, वा कराउनेछैनन् अथवा तिनले आफ्नो सोर सड़कमा सुनाउनेछैनन्। ३ फुटेको निगालो तिनले भाँच्नेछैनन्, र धिपधिप भइरहेको बत्ती तिनले निभाउनेछैनन्। तिनले विश्वस्ततामा न्याय गर्नेछन्। ४ जबसम्म तिनले पृथ्वीमा इन्साफ स्थापित गरिसक्दैनन् तबसम्म न त तिनी दुर्बल हुनेछन्, न निरुत्साहित हुनेछन्। तिनको व्यवस्थामा टापूहरूले आफ्नो आशा राख्नेछन्।" ५ परमेश्वर परमप्रभु यसो भन्नुहुन्छ– आकाश सृष्टि गरेर त्यो फैलाउनुहुने, अनि पृथ्वी र त्यसबाट उत्पन्न हुने सबैलाई फैलाउनुहुने, र त्यसमा भएका मानिसहरूलाई सास अनि त्यसमा हिंड्डुल गर्नेहरूलाई आत्मा दिनुहुनेः**

**६ "म, परमप्रभुले तिमीलाई मेरो धार्मिकताअनुसार बोलाएको छु। म तिम्रो हात समात्नेछु, र तिम्रो रक्षा गर्नेछु। तिमीलाई नै म जाति-जातिहरूका निम्ति करार र अन्यजातिहरूका निम्ति ज्योति बनाउनेछु, ७ अन्धाहरूका आँखा खोल्नलाई, कैदीहरूलाई कारागारबाट र अन्धकारमा बस्नेहरूलाई कैदी राख्ने तहखानाबाट निकाल्नलाई।"**

***<u>माथिको प्रश्नको उत्तम जवाफ वा जवाफहरू के हो? आफूले नै चुन्नुहोस्:</u>***

**अ.** उहाँले राष्ट्रहरूको बीचमा न्याय उपलब्ध गराउनेछन्।

**आ.** उहाँले आफ्नो लक्ष्य चुपचापसँग र भद्रतासाथ पूरा गर्नुहुनेछ तर उहाँले गर्नु हुने काम सफलतापूर्वक सम्पन्न गर्नुहुनेछ।

**इ.** उहाँ गुरु हुनुहुन्छ।

**ई.** उहाँ परमेश्वर र मानिसहरूको बीचमा करार भएर सेवा गर्नुहुनेछ।

**उ.** उहाँले अन्धाहरूलाई निको पार्नुहुनेछ, बन्दीहरूलाई स्वतन्त्र गर्नुहुनेछ। यी कामहरूद्वारा उहाँले तिनीहरूलाई ज्योति र आशा दिनुहुनेछ।

**ऊ.** उहाँले गर्नुहुने माथिका सबै कामहरू

**"यशैको ठूटोबाट आएको" त्यस व्यक्तिसँग यस सेवकको भूमिका र चरित्र कसरी मिल्छ जसमाथि परमेश्वरको आत्मा राखिएको थियो (यशैया ११)?**

यशैया ४२को जस्तै यशैया ११मा उल्लेख गरिएको राजा दाउदबाट आउने शासक परमेश्वरसँगको मिलोमत्तोमा काम गर्नुहुनेछ। दविएकाहरूलाई उद्धार गरेर उहाँले न्याय उपलब्ध गराउनुहुनेछ। उहाँले परमेश्वरको बुद्धि र ज्ञानलाई प्रकट गर्नुहुनेछ। यो यशैको ठूटो वा जरा मसीह हुनुहुन्छ भनेर हामीले थाहा पायौं। यशैया ९:६,७मा उल्लेख गरिएको उहाँ परमेश्वरको बालक जसले दाउदको सिहाँसन र उनको राज्यको निम्ति शान्ति ल्याउनुहुनेछ। उहाँले धार्मिकतासाथ न्याय गर्नुहुनेछ (यशैया ९:७)। यशैया ४२को सेवक पनि मसीह नै हुनुहुन्छ भनेर हामी ठम्याउन सक्छौं।

**यशैया ४२:१-७मा उल्लेख गरिएको न्याय दिने सेवक नयाँ करारमा कसरी ठम्याइएको छ? हेर्नुहोस्, मत्ती १२:१५-२१ "१५ तब त्यो कुरा थाहा पाएर येशू त्यहाँबाट गइहाल्नुभयो, र धेरै जना उहाँको पछि लागे, र उहाँले तिनीहरू सबैलाई निको पार्नुभयो, १६ र उहाँ को हुनुहुन्छ सो कसैलाई नबताउने चेताउनी तिनीहरूलाई दिनुभयो। १७ यशैया अगमवक्ताद्वारा भनिएको**

**वचन पूरा हुनलाई नै यो भएको हो, १८ "मेरा दास जसलाई मैले चुनेको छु, मेरा प्रिय जोसँग म प्रसन्न छु, म मेरो आत्मा तिनमा राखिदिनेछु, र तिनले जाति-जातिलाई न्यायको घोषणा गरिदिनेछन्। १९ तिनी न त झगड़ा गर्नेछन् साह्रै चिच्च्याउनेछन्, न त कसैले तिनको सोर गल्लीहरूमा सुन्नेछ। २० फुटेको निगालो तिनले भाँच्नेछैनन्, र धिपधिप भइरहेको सलेदो तिनले निभाउनेछैनन्, र अन्त्यमा न्यायलाई विजयसम्म पुऱ्याउनेछन्। २१ तिनैको नाउँमा जाति-जातिहरूले आशा राख्नेछन्।"**

मत्ती १२ले यशैया ४२लाई उद्धृत गर्छन् र येशूको चुपचापसँग निको पार्ने सेवाकार्यसँग प्रयोग गर्छन्। उहाँ नै परमेश्वरको प्रिय पुत्र हुनुहुन्छ जोसँग उहाँ खुशी हुनुहुन्छ (यशैया ४२:१, मत्ती ३:१६,१७ र मत्ती १७:५)। उहाँकै सेवाकार्यले परमेश्वरका जनहरूसँग करारद्वारा परमेश्वरसँगको सम्बन्ध पुनर्स्थापना गर्नुहुन्छ (यशैया ४२:६, दानिएल ९:२७)।

येशूले उहाँका चेलाहरूको निम्ति न्याय गर्नुभयो र कष्ट, परमेश्वरको बारेमा अज्ञानता र दुष्ट आत्माहरूको बन्दनबाट छुट्कारा गर्नुभयो। तिनीहरू शैतानको दवावमा थिए (लूका १०:१९)। नयाँ करारलाई अनुमोदन गर्न उहाँ मर्नुभयो (मत्ती २६:२८)। यस पृथ्वीभन्दा बाहिरबाट आएको त्यो विदेशी शैतानमाथि जितेर उहाँले यस संसारमा न्याय ल्याउनुभयो। उसले नै यस संसारको असली शासकको स्थानलाई तहसनहस गरेर आफू नै यस संसारको शासक भनेर येशूको राजकीय अधिकारलाई खोसेको थियो (यूहन्ना १२:३१-३३)।

**यशैया ४२:१-४लाई येशूको बारेमा गरिएको चित्रण हेर्नुहोस्। केही समय येशूको जीवनीको बारेमा ध्यान गर्नुहोस्। यहाँ उल्लेख गरिएका भविष्यवाणीहरूमा कुन बिशेष भविष्यावाणीहरू उहाँको सेवाकार्यमा प्रयोग भएको छ? हामीले पनि अरूको सेवाकार्य गर्नुपर्छ भन्ने पाठहरू कसरी सिक्न सक्दछौं?**

## ३. पर्सियाका "मसीह" (यशैया ४४:२६-४५:६)

**अत्यन्तै अचम्म लाग्दो भविष्यवाणी यशैया ४४:२६-४५:६मा कसरी देखा परिएको छ? हेर्नुहोस्, "२६ जसले आफ्ना दासहरूका वचनलाई पक्का गराउँछ, र आफ्ना समाचारवाहकहरूका भविष्यवाणी पूरा गर्छ, जसले**

**यरूशलेमको बारेमा भन्छ, 'त्यसमा मानिसहरूको आबादी हुनेछ,' जसले यहूदाका सहरहरूका बारेमा भन्छ, 'ती बनाइनेछन्,' जसले त्यसका भत्काइएका ठाउँहरूका बारेमा भन्छ, 'म पुनर्स्थापित गर्नेछु,' २७ जसले गहिरा पानीलाई भन्छ, 'सुकिजा, म तेरा खोलाहरूलाई सुकाउनेछु,' २८ जसले कोरेसका बारेमा भन्छ, 'त्यो मेरो गोठाला हो, र मेरो सबै इच्छा त्यसले पूरा गर्नेछ। यरूशलेमको बारेमा त्यसले यसो भन्नेछ, "त्यो फेरि बनाइओस्," र मन्दिरको बारेमा चाहिँ, "यसको जग बसालिओस्'।" ... १ "परमप्रभुले आफ्नो अभिषिक्त कोरेसलाई यही भन्नुहुन्छ, जाति-जातिहरूलाई पराजित गर्न, राजाहरूलाई हातहतियाररहित तुल्याउन, त्यसको सामुन्ने ढोकाहरू खोल्न, र मूल ढोकाहरू बन्द हुन नदिन म त्यसको दाहिने हात समात्छुः २ म तेरो अगिअगि जानेछु, र पर्वतहरूलाई समतल पार्नेछु। काँसाका ढोकाहरू म टुक्रा-टुक्रा पार्नेछु, र फलामका बारहरू काट्नेछु। ३ म परमप्रभु हुँ, म नै इस्राएलका परमेश्वर हुँ, मैले नै तँलाई तिम्रो नाउँ काढ़ेर बोलाएको छु भनेर तिमीले थाहा पाउनलाई म तिमीलाई अँध्यारो ठाउँमा भएको भण्डार र गुप्त स्थानमा जम्मा गरेको धन दिनेछु। ४ मेरो दास याकूब, मेरो चुनिएको इस्राएलको खातिर मैले तिमीलाई तिम्रो नाउँ काढ़ेर बोलाएको हुँ। तिमीले मलाई स्वीकार नगरेको भए तापनि मैले तिमीलाई सम्मानको पद दिएको छु। ५ म परमप्रभु हुँ, अनि मबाहेक अरू कोही छैन। मबाहेक अरू कोही परमेश्वर छैन। तिमीले मलाई स्वीकार नगरेको भए तापनि म तँलाई बलियो पार्नेछु, ६ ताकि सूर्योदयदेखि लिएर सूर्यास्तसम्म मानिसहरूले जानून् कि मबाहेक अरू कोही छैन। म परमप्रभु हुँ, र मबाहेक अरू कोही छैन।"**

यशैयाको सेवाकार्य ई.पू. ७४५देखि ई.पू. ६८५सम्म भएको थियो। उत्तर र पूर्वबाट आएको बिजेताको बारेमा (यशैया ४१:२,३,२५) उल्लेख गरेर त्यस बिजेता भनेको यरुशलेमको निम्ति खुशीको खबर हो (यशैया ४१:२७) भनेर यशैयाले उल्लेख गरेपछि त्यो व्यक्ति साइरस वा कोरेश नै हो र उनको क्रियाकलापलाई ठिकसँग भविष्यवाणी गरेका थिए। उनी बेबिलोनको उत्तर र पूर्वबाट आएका थिए र यस देशलाई उनले जितेका थिए। त्यो ई.पू. ५३९मा भएको थियो। बेबिलोनमा बन्धक रहेका यहूदी युद्धबन्दीहरूलाई छुट्कारा दिएर उनले परमेश्वरको सेवा गरेका थिए। उनले यरुशलेमको मन्दिरको पुनर्निर्माण गर्न स्वीकृति दिएका थिए (एज्रा १ हेर्नुहोस्)।

ठीक परिवेशमा यशैयाको भविष्यवाणी हेर्नुहोस्। यशैयाको मृत्युदेखि बेबिलोनको पतनको अन्तराल १४६ वर्ष थियो। उनको भविष्यवाणी एक सय पचास वर्ष अगाडि थियो। यथार्थमा भनौं भने अमेरिकाको सेनापति ड्वाइट आइजनहावरले दोस्रो विश्वयुद्धमा होमिएको युरोपलाई सहयोग गर्दै सन् १९४५मा त्यसलाई शत्रुको हातबाट मुक्ति दिनेछ भनेर अमेरिकाको अठारौं शताब्दीको राष्ट्रपति जर्ज वाशिङ्गटनले भविष्यवाणी गरेको जस्तै हो तर उनले त्यस्तो भविष्यवाणी गरेका थिएन।

साइरस वा कोरेशका कामहरूको लेखाजोखा विभिन्न पौराणिक स्रोतमा राखिएको छ। बेबिलोनको बंशावलीमा पनि उनको विवरण समावेश भएको छ। उनी आफैले लेखेका कुराहरू कोरेश वा साइरसको घैंटामा राखिएको र बाइबलमा उल्लेख गरिएका उनको विवरणहरू (२ इतिहास ३६:२२,२३, एज्रा १, दानिएल ५, दानिएल ६:२८ र दानिएल १०:११) सही भएकोले यशैयाको भविष्यवाणीमा कुनै विवाद छैन। यसले गर्दा सत्य अगमवक्ताहरूले परमेश्वरबाट सही भविष्यवाणीहरू प्राप्त हुन्छ भनेर परमेश्वरका अगमवक्ताहरूमाथि मानिसहरूको विश्वास सत्य सावित हुन जान्छ। टाढा भविष्यका कुराहरू परमेश्वरलाई नै थाहा छ भनेर पूरा भएका भविष्यवाणीहरूले प्रमाणित गर्दछ।

**साइरस वा कोरेशलाई परमेश्वरले "उहाँको अभिषेक" भनेर किन सम्बोधन गर्नुहुन्छ (यशैया ४५:१)?**

"अभिषेक" भन्ने हिब्रू भाषाबाट मसीह भन्ने शब्द हामी पाउँछौं। पुरानो करारमा मूल पूजारीलाई पनि अभिषेक गरिएको व्यक्ति भनेर उल्लेख गरिएको छ (लेबी ४:३,५,१६, लेबी ६:२२), इस्राएलका राजालाई पनि अभिषेक गरिएको भनिएको छ (१ शमूएल १६:६, १ शमूएल २४:६,१०, २ शमूएल २२:५१), वा मसीह पनि जो दाउदको भविष्यको आदर्श राजा र उद्धारकर्ता (भजन २:२, दानिएल ९:२५,२६) अभिषेक गरिएको भनेर उल्लेख गरिएको छ। यशैयाको दृष्टिकोणमा साइरस वा कोरेश परमेश्वरले पठाउनुभएको भविष्यका राजा थिए जसले उहाँका जनहरूलाई उद्धार गर्दछन्। तर उनी अभिषेक गरिएको व्यक्ति वा मसीह भनेतापनि सामान्य मसीह थिएन किनभने उनी यहूदी अर्थात् इस्राएली थिएन। यद्यपि उनले मसीहले गर्ने केही काम उनले गर्नेछन् रे। त्यो हो उनले परमेश्वरका शत्रुहरूलाई हराउनेछन् बन्दीमा

रहेका उहाँका जनहरूलाई छुट्कारा दिनेछ। तर उनी मसीह नै हुन सक्दैन किनभने उनी दाउदको बंशबाट आएका थिएन।

साइरस वा कोरेशको बारेमा भविष्यवाणी गरेर परमेश्वरले आफ्नो विशेष ईश्वरत्वलाई यो प्रमाण गर्नुहुन्छ कि उहाँलाईमात्र भविष्य थाहा छ (यशैया ४१:४,२१-२३,२६-२८, यशैया ४४:२६)। उहाँले कोरेश वा साइरसतिर हात बढाउनुहुन्छः "३ म परमप्रभु हुँ, म नै इस्राएलका परमेश्वर हुँ, मैले नै तिमीलाई तिम्रो नाउँ काढ़ेर बोलाएको छु भनेर तिमीले थाहा पाउनलाई म तिमीलाई अँध्यारो ठाउँमा भएको भण्डार र गुप्त स्थानमा जम्मा गरेको धन दिनेछु।"

**बाइबलमा उल्लेख गरिएका पूरा भएका अरू भविष्यवाणीहरूको बारेमा सोच्नुहोस्। दानिएल २मा उल्लेख गरिएका राज्यहरूको बारेमा जुन अन्तिमचाहीं पूरा हुन बाँकि नै छ, दानिएल ७ वा ख्रीष्टको समयको बारेमा दिइएको भविष्यवाणी जुन दानिएल ९:२४-२७मा उल्लेख गरिएको छ। हामी व्यक्तिगतलाई ती पूरा भएका भविष्यवाणीहरूबाट के आशा प्राप्त गर्न सक्छौं?**

## ४. अग्रिम आशा

यशैयाले साइरस वा कोरेशको बारेमा सही भविष्यवाणी गर्दा कतिपय मानिसहरूको दिमाग खलबलिन्छ। अगमबक्ताहरूले परमेश्वरबाट सन्देश पाएका थिए भनेर तिनीहरूले विश्वास गर्दैनन्। अझ आफूहरूलाई चित्त बुझाउन तिनीहरूले अर्को यशैया खडा गर्छन् जो साइरस वा कोरेशको समयमा रहेका थिए र उनले यशैया ४०-६६ लेखे भनेर दावी गर्छन्। त्यो बाइबलभन्दा बाहिरको अनुमानित धारणा हो। यस धारणाले गर्दा यशैयाको पुस्तक नै दुई भागमा बिभाजित हुन्छ। यशैयाको मृत्यु हिब्रू ११:३७मा यशैयालाई करौंतीले चिरेको भनेर सहमत जनाइएको छ। दोस्रो यशैया पनि त्यसरी नै मृत्यु भएको थियो भनेर बाइबलको लेखालाई विश्वास नगर्नेहरूले दावी गर्छन्।

दोस्रो यशैयाको अस्तित्व ऐतिहासिक प्रमाण छैन। यदि उनको अस्तित्व भएको भए अनौठो हुन्छ किनभने बाइबलले त्यसको बारेमा उल्लेख गरिएको छैन किनभने उनको सन्देश अत्यन्तै महत्त्वपूर्ण छ र उनको लेखनशैली अपूर्वको छ। कुमारन वा मृत सागरको किनारामा भएको गुफामा सबभन्दा बाइबलको सबभन्दा पुरानो हस्तलेखहरू पाइएको थियो। त्यसैमा

यशैयाको पुस्तकको मुठ्ठा पनि थियो। त्यसमा यशैय ३९ र ४०को बीचमा अन्तराल वा बीचमा छुटिइको देखाइएको छैन अर्थात् पूरै पुस्तक एक जनाको निरन्तर लेख हो भनेर देखाइएको छ।

यशैयाको आधारभूत सन्देश यशैयाको पुस्तकभरि एकरुपता देखाइएको छः सत्य परमेश्वरमाथि भरोसा राख, उहाँले पठाउनु हुने उद्धार गर्ने मसीहलाई विश्वास गर। अरू मानवीय शक्तिमाथि भर नपर। यशैया १-३९सम्म अश्शूरहरूको युगको बारेमा उल्लेख गरिएको र अध्याय ४०देखि पछाडि बेबिलोनको समयमा केन्द्रित भएको बाइबलका विद्वानहरूले ठीकसँग जोड दिएका छन्। तर यशैया १३-१४ र ३९मा बेबिलोनले गरिने युद्धबन्दीको बारेमा हामीले हेर्‍यौं। यशैया १-३९मा अट्टेरि इस्राएलीहरूमाथि गरिने इन्साफ उल्लेख गरिएको छ भने यशैया ४०-६६मा सान्त्वनालाई जोड दिइएको छ। यो सत्य भएको हामी दावी गर्छौं। तर यशैया ४२:१८-२५, यशैया ४३:२२-२८ र यशैया ४८:१-११मा जस्तै अगाडिका अध्यायहरूमा पनि परमेश्वरका प्रसस्त सान्त्वना र प्रतिज्ञाहरू दिइएका छन्। परमेश्वरलाई त्यागेको कारण तिनीहरूमाथि आउने इन्साफ वा न्यायको बारेमा उहाँले बोल्नुभएको ती अध्यायहरूमा उल्लेखित छन्। यशैयाले भविष्यमा हुने सान्त्वना वा सहज परिस्थितिका भविष्यवाणीहरू गर्दा कष्ट पनि हुने आभास् दिइन्छ।

**मानिसहरूका पापले गर्दा यहूदी राष्ट्रले भयानक दुःखकष्ट भोग्नुपरेको थियो तैपनि कतिपयले आशाचाहीँ त्यागेका थिएनन्। तिनीहरूले लेबी २६:४०-४५मा पाइएका प्रतिज्ञाहरूलाई पकडि नै राखेका थिए। यहाँ लेखिएका पदहरू ध्यान दिएर पढ्नुहोस्। बेबिलोनबाट हारेका देशका हिब्रूहरू तर जीवितै रहेकाहरूमा आफू पनि समावेश भएकव सोच्नु होस्। यहाँ लेखिएका वचनहरूमा तपाईंले के आशा पाउन सक्नुहुन्छ? हेर्नुहोस्, लेबी २६:४०-४५ "४० " 'तर यदि तिनीहरूले आफ्नै र आफ्ना पिता-पुर्खाका पाप,र मेरो विरुद्धमा तिनीहरूले विश्वासघात गरेको अधर्म र मप्रति देखाएको शत्रुता स्वीकार गरे भने– ४१ जसले गर्दा म तिनीहरूको शत्रु भएँ, र मैले तिनीहरूलाई तिनीहरूका शत्रुहरूको देशमा पठाएँ– यदि आफ्ना दुष्ट हृदय नम्र तुल्याई आफ्ना पापका लागि सजाय भोगे भने, ४२ याकूब, इसहाक र अब्राहामसँग गरेको मेरो करारको साथै त्यो देशलाई पनि म सम्झनेछु। ४३ त्यो देश तिनीहरूले त्याग्नेछन्, र तिनीहरूविना उजाड़ रहँदा देशले आफ्ना शबाथहरू भोग गर्नेछ। अनि तिनीहरूले आफ्नो अधर्मको सजाय भोग्नेछन्, जुन सजाय**

मेरो विधान लत्त्याउँदा र मेरा विधिलाई तिरस्कार गर्दा मैले तिनीहरूलाई दिएको थिएँ। ४४ यी सब गरे तापनि जब तिनीहरू शत्रुको देशमा हुन्छन् तब म मेरो तिरस्कार र घृणामा तिनीहरूलाई सखापै त पार्नेछैनँ, र मेरो करार पनि तोड्नेछैनँ। म परमप्रभु तिमीहरूका परमेश्वर हुँ। ४५ तर म तिनीहरूका खातिर तिनीहरूका पुर्खाहरूसँग गरेको करार सम्झनेछु। मैले तिनीहरूका परमेश्वर हुनलाई तिनीहरूका पुर्खाहरूलाई अन्यजातिहरूकै सामुन्ने मिश्रबाट निकालेर ल्याएको थिएँ। म परमप्रभु हुँ'।"

उक्त लेबीको पुस्तकमा लेखिएका पदहरूमा के आत्मिक नीतिहरूले काम गरेको तपाईं हेर्न सक्नुहुन्छ? यहाँ इस्राएलीहरूलाई परमेश्वरले के भनिरहनुभएको छ? त्यही नीति हाम्रो जीवन पनि कसरी लागु हुनसक्छ?

## ५. दुःखकष्ट र मानिसका भावनाहरूको अनुभव गर्ने परमेश्वरका सेवक (यशैया ४९:१-१२)

यशैया ४९:१-१२मा उल्लेख गरिएको परमेश्वरको सेवक को हुनुहुन्छ? हेर्नुहोस् "१ हे टापूहरू हो, मेरो कुरा सुन। हे टाढ़ाका जातिहरू हो, यो कुरा सुन। जन्मनुभन्दा अघि परमप्रभुले मलाई बोलाउनुभयो। मेरो जन्मदेखि नै उहाँले मेरो नाउँको चर्चा गर्नुभएको छ। २ उहाँले मेरो मुख लाग्ने तरवारजस्तै बनाउनुभयो। उहाँले मलाई आफ्नो हातको छहारीमुनि लुकाउनुभयो। उहाँले मलाई चिल्लो र टल्कने काँड़ बनाउनुभयो, र मलाई आफ्नो ठोक्रोमा लुकाइराख्नुभयो। ३ उहाँले मलाई भन्नुभयो, "तिमी मेरो दास इस्राएल हो। तिमीमा नै मेरो ऐश्वर्य म प्रकट गर्नेछु।" ४ तर मैले भनें, "मैले केही अभिप्राय नराखी परिश्रम गरें। मैले व्यर्थमा र शून्यताको लागि मेरो बल खर्च गरें। तापनि जे मैले पाउनुपर्छ, त्यो परमेश्वरको हातमा छ, र मेरो प्रतिफल मेरा परमेश्वरसित छ।" ५ अब परमप्रभु भन्नुहुन्छ– जसले मलाई उहाँको दास हुन, याकूबलाई फेरि उहाँकहाँ ल्याउन, र इस्राएललाई उहाँकहाँ जम्मा गर्न गर्भदेखि नै रच्नुभयो, किनकि परमप्रभुको दृष्टिमा म मानको गनिएको छु, र मेरा परमेश्वर मेरो बल हुनुभएको छ– ६ उहाँ भन्नुहुन्छः "याकूबका कुलहरूलाई फेरि पुनर्स्थापन गर्न र इस्राएलको बाँकी भागलाई फेरि फर्काई ल्याउन तिमी मेरो दास हुने कुरो तेरो लागि अति सानो कुरो छ। पृथ्वीको पल्लो छेउसम्म तिमीले मेरो उद्धार पुऱ्याओस् भनी अन्यजातिहरूकहाँ एउटा ज्योति पनि म तिमीलाई बनाउनेछु।" ७ शासकहरूका दास, जसलाई

**जाति-जातिहरूले तुच्छ ठाने र घृणा गरे, त्यसलाई परमप्रभु, उद्धारक र इस्राएलका परमपवित्र भन्नुहुन्छः "राजाहरूले तिमीलाई देख्नेछन् र खड़ा हुनेछन्। राजकुमारहरूले देख्नेछन् र तिम्रो अघि घोप्टो पर्नेछन्। किनभने विश्वासयोग्य परमप्रभु, इस्राएलका परमपवित्रले तिमीलाई चुन्नुभएको छ।" ८ परमप्रभु यसो भन्नुहुन्छः "निगाहको समयमा म तिमीलाई जवाफ दिनेछु, र उद्धारको दिनमा तिमिलाई म सहायता दिनेछु। देश पुनर्स्थापित गर्न र त्यसको नष्ट भएका जायजातहरू फेरि अधिकारको निम्ति दिन म तिमीलाई जोगाइराख्छु र मानिसहरूका निम्ति तिमीलाई करार बनाउँछु, ९ कैदीहरूलाई 'निस्केर आओ,' र अन्धकारमा हुनेहरूलाई 'मुक्त होओ' भन्न। तिनीहरूले बाटोको छेउमा खानेछन्, र सबै रूखा डाँड़ाहरूमा तिनीहरूले खर्क पाउनेछन्। १० तिनीहरू न त भोकाउनेछन् न तिर्खाउनेछन्, न मरुभूमि वा सूर्यको रापले तिनीहरूलाई पोल्नेछ, किनकि तिनीहरूमाथि कृपा गर्नेले तिनीहरूलाई डोऱ्याउनेछ र पानीको धारानेर तिनीहरूलाई अगुवाइ गर्नेछ। ११ म मेरा सबै पर्वतहरू बाटो बनाइदिनेछु, र मेरा मूलबाटाहरू उच्च पारिनेछन्। १२ हेर, तिनीहरू टाढ़ादेखि आउनेछन्– कोही उत्तरदेखि, कोही पश्चिमदेखि र कोही आश्वानको देशदेखि आउनेछन्।"**

उनको जन्म हुनुभन्दा अघि नै परमेश्वरले उनलाई बोलाउनुहुन्छ र उनको नाउँ दिनुहुन्छ। उनको मुख तरवार जस्तो हुन्छ र उनद्वारा परमेश्वरको ऐश्वर्यको तारिफक्ष हुनेछ। परमेश्वरले आफ्नो सेवकलाई प्रयोग गर्नुभएर इस्राएल राष्ट्रलाई आफूतिर ल्याउनुहुन्छ। उनी नै सबै संसारको निम्ति ज्योति हुनेछ। उनी नै परमेश्वरको करार हुनुहुनेछ र कैदीहरूलाई छुटाउनेछ। यहाँ लेखिएको वर्णन र यशैया ४२मा लेखिएको वर्णनमा समानता छ। यशैया ४२मा उल्लेख गरिएको सेवक मसीह हुनुहुन्छ भनेर हामीले चिन्यौं। नयाँ करारमा पहिलो र दोस्रो आगमनको बारेमा वर्णन गरिएको सेवक येशू नै हुनुहुन्छ भनेर पहिचान गरिएको छः मत्ती १:२१, यूहन्ना ८:१२, यूहन्ना ९:५, यूहन्ना १७:१-५, प्रकाश १:१६, प्रकाश २:१६ र प्रकाश १९:१५।

**यदी यस सेवक मसीह हुनुहुन्छ भने परमेश्वरले उनलाई किन "इस्राएल भन्नुभयो (यशैया ४९:९)?**

परमेश्वरको सेवक "इस्राएल वा याकूब" भनेको राष्ट्रलाई सम्बोधन गरेको हामीले अगाडि हेऱ्यौं। तर इस्राएल नै भन्दा व्यक्ति याकूबलाई सम्बोधन नगरि त्यस व्यक्तिगत सेवकलाई सम्बोधन गरिन्छ जसलले राष्ट्रलाई

परमेश्वरतिर पूनर्स्थापित गर्दछ (यशैया ४९:५)। त्यस व्यक्तिगत सेवक आदर्श राष्ट्र वा त्यसको प्रतिनिधित्व गर्छ जुन राष्ट्र यथार्थमा "इस्राएल"को नाउँको बदनाम गरेको थियो किनभने त्यस भौतिक राष्ट्रले परमेश्वरको आदर्शमा हिँडेको थिएन।

**यहाँ के नयाँ तत्व समावेश भएको छ? हेर्नुहोस् यशैया ४९:४,७ "४ तर मैले भनें, "मैले केही अभिप्राय नराखी परिश्रम गरें। मैले व्यर्थमा र शून्यताको लागि मेरो बल खर्च गरें। तापनि जे मैले पाउनुपर्छ, त्यो परमेश्वरको हातमा छ, र मेरो प्रतिफल मेरा परमेश्वरसित छ।" ... ७ शासकहरूका दास, जसलाई जाति-जातिहरूले तुच्छ ठाने र घृणा गरे, त्यसलाई परमप्रभु, उद्धारक र इस्राएलका परमपवित्र भन्नुहुन्छः "राजाहरूले तिमीलाई देख्नेछन् र खड़ा हुनेछन्। राजकुमारहरूले देख्नेछन् र तिम्रो अघि घोप्टो पर्नेछन्। किनभने विश्वासयोग्य परमप्रभु, इस्राएलका परमपवित्रले तिमीलाई चुन्नुभएको छ।"**

यहाँ सेवकको कामका काम कतिको गाऱ्हो रहेछ भनेर पहिले नै देखाउँछ। यसमा उनले ठूलो शोक प्रकट गर्दछ, "मैले बेकारमा परिश्रम गरैं। मेरा सबै ताकतहरू व्यर्थको निम्ति खर्च गरैं। त्यसको उपलब्धी केही पनि भएन" (यशैया ४९:४ रूपान्तरित)। यही धारणा दानिएल ९:२६मा प्रतिध्वनी गर्दछः "अभिषेक जनलाई काटिने छ र उनमा केही पनि रहँदैन" (रूपान्तरित)। तर उनले विश्वासलाई पकडि राख्दछः "मेरो कामक्रियाहरू परमेश्वरमा नै छ भनेर म निश्चय छु र मेरो इनाम परमेश्वरसँग छ" (यशैया ४९:४)। आयर्ल्याण्डको बाइबल विद्वान जे. एलेक मोटयरले आफ्नो मन्तव्य सरी राख्दछन्: "यसरी यशैयाले त्यस सेवकको बारेमा देखेका थिए जसमा वास्तविक मानवीय स्वभाव थियो। हामीलाई जस्तै परिक्षामा पर्नुभएको थियो र आफूलाई त्यसरी उपलब्ध गराउनुभएको थियो कि उहाँ पूर्ण विश्वासको बाटो, वास्तविक र व्यक्तिगत आस्थाको लेखक र पूर्णता हुनुभएको थियो। तैपनि उहाँले यो भन्नु सक्नुभएको थियो, "गरेका सबै कामहरू व्यर्थ देखिएतापनि तपाईं मेरा परमेश्वर हुनुहुन्छ।"-द प्रोफेसी अभ यशैयाः आन इन्ट्रोडक्सन एण्ड कमेन्टरी (डावनरस ग्रोभ, इलिन्वाइस, इन्टरभरसिटी, १९९३), पृ. ३८७बाट रूपान्तरित।

यशैया ४९:७ अचम्म लाग्दो छ। त्यहाँ उल्लेख गरिएको सेवक "अत्यन्तै हेपिएको, राष्ट्रहरूले तिरस्कार गरिएको र शासकहरूका सेवक," तर

परमेश्वरले उहाँलाई भन्नुहुन्छ, 'राजाहरू उहाँकहाँ आएर हेर्नेछन् र उहाँको अगाडि उभिनेछन्, राजकुमारहरू र ती राजाहरू उहाँको सामु लम्पछार पर्नेछन्। किभने परमेश्वर विश्वास योग्य हुनुहुन्छः उहाँ इस्राएलको पवित्र परमेश्वर हुनुहुन्छ, जसले तिमीलाई चुन्नुभएको छ" (रूपान्तरित)।

**येशूको सेवाकार्यको बारेमा फर्कर हेर्नुहोस्। उहाँ क्रुसमा टाँगिएको सम्मै के उहाँ निराश हुनुपर्ने कारणहरू थिएन र? तैपनि बाहिर देखावटमा जेभएतापनि उहाँ परमेश्वरमाथिको आस्था तथा विश्वासमा अडिग हुनुभयो। हामीलाई जसले जसरी व्यवहार गरेतापनि हामीमा पनि त्यही खालको आस्था, विश्वास, भरोसा र प्रतिवद्धता हुनुपर्छ भन्ने पाठ कसरी सिक्नुपर्छ?**

## उपसंहारः

**थप जानकारीः** येशूको चङ्गाइ र शिक्षण सेवाकार्यको बारेमा एलेन जी ह्वाइटले वर्णन गर्नुभएको *द डिजाएर अभ एजेजको* पृ. २५२-२६१का "आट कपरनुम" पढ्नुहोस्।

"कसैलाई येशूको साथी बनाउनु छ भने बढो कुशलता र ज्ञानको आवश्यक हुन्छ। मुक्तिदाताले सत्यलाई कहिल्यै पनि दवाउनुभएन। जब उहाँले सत्यको बारेमा बोल्नुभयो उहाँले सधैं प्रेमले बोल्नुहुन्थ्यो। अरू मानिसहरूसँगको व्यवहारमा उहाँले ठूलो भद्रता र कार्यकुशलता अर्थात् अरूलाई गर्ने व्यवहारमा मनलाई नै जित्ने मिजासको प्रयोग गर्नुभएको थियो। अरूप्रति उहाँ जहिले पनि संवेदनशील हुनुहुन्थ्यो र दयालु हुनुहुन्थ्यो। उहाँ कहिल्यै पन अभद्र र रुखो हुनुभएन। मानिसको हृदयलाई छेड्ने गरि उहाँले कहिल्यै पनि कडा शब्द बोल्नुभएन। सम्बेदनशील मानिसलाई चित्त दुःख्ने गरेर उहाँले कहिल्यै पनि अनावश्यक चोट पुऱ्याउनुभएन। तर मानिसहरूको कमजोर वा अधर्मीताप्रति उहाँले कहिल्यै पनि आँखा चिम्लनुभएन। उहाँ निडर भएर मानिसहरूको पाखण्डीपना, अविश्वास, पाप र अधर्मको प्रतिकार गर्नुभयो। तर जब उहाँलाई अरूको मनमा दुख्ने गरि बोल्नुपर्दा वा हप्काउनुपर्दा उहाँको आँखामा आँशुले भरिन्थ्यो। उहाँले सत्यलाई कहिल्यै पनि निर्दयितासाथ अरूपमाथि लाद्नुभएन तर मानव प्राणीमाथि उहाँले गहिरो कोमलता देखाउनुभए थियो। यस संसारमा जन्मिने प्रत्येक प्राणी उहाँको सामु बहुमूल्य थियो। उहाँ आफूलाई परमेश्वरीय शान र मर्यादासाथ प्रस्तुत गर्नुभयो, तैपनि परमेश्वरको परिवारको सामु तिनीहरूप्रति आदर देखाइ उहाँ अत्यन्तै कोमल भएर

झुक्नुभयो। मानव जगतको प्रत्येक प्राणीमा उद्धार गर्ने उहाँको लक्ष्य देख्नुभएको थियो।"-एलेन जी ह्वाइट, *गस्पल वर्कर्स,* पृ. ११७बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. **येशूले अरूको सेवा गर्दा उहाँको व्यवहार कस्तो थियो भनेर माथि एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको भावना ध्यान दिएर पढ्नुहोस्। त्यहाँ के के नीतिहरू छन जुन व्यक्तिगत वा चर्चले अपनाउन सकिन्छ?**

आ. **"भाँचिएको निगालो" वा "पिलपिल बलेको सलेदो वा बत्ती" (यशैया ४२:३ रूपान्तरित) को छ के तपाईंलाई थाहा छ? केही नभाँची वा ननिभाइ त्यस व्यक्तिलाई तपाईंले कसरी सहयोग गर्न सक्नुहुन्छ? त्यस खालका मानिसहरूलाई तपाईंले परमेश्वरतिर कसरी औंल्याउन सक्नुहुन्छ? टुटिएको र फुटिएको तिनीहरूको जीवनमा तपाईंले कसरी सहयोग गर्न सक्नुहुन्छ र तिनीहरूको हृदयलाई मर्मत गर्न सक्नुहुन्छ?**

इ. **यशैयाले जस्तो भविष्य अरूले बताउन नसक्नेभएकोले यशैयाको पुस्तक दुई यशैयाहरूले लेखेका हुन् भनेर बाइबलको वचनलाई विश्वास नगर्नेहरूले दावी गर्छन्। त्यस बिवादको मौलिक समस्या के हो? येशूलाई विश्वास गर्ने हामीले त्यस धारणालाई सरासर अर्थहिन भनेर किन मान्नुपर्दछ?**

**सारांश:** यदी कसैलाई उद्धार गर्नुछ भने उद्धारकर्ताको आवश्यक हुन्छ। परमेश्वरका सेवक राष्ट्रलाई दुई उद्धारकर्ताहरूले उद्धार गरिनेछ: साइरस वा कोरेश जसले बेबिलोनको साम्राज्यले बन्दी बनाएका यहूदीहरूलाई स्वतन्त्र बनाउनेछन् र र नाउँ नखोलिएका सेवक जुन मसीह हुन् भनेर विस्तृत विवरणले देखाउँदछ। यस सेवकले न्यायको पुनर्स्थापना गर्नेछ र उद्धार पाएका समूहलाई परमेश्वरतिर फर्काउनुहुनेछ।

## कथा ९

## टेबुलको निम्ति परमेश्वरलाई धन्यवाद

## डिनारा, रुसको भेल्ड देश वा नाउँ खोल्न नहुने देश

सात वर्षकी डिनारा बेलुकीको खाना खान ठिक भएकी थिइन्। उनको थालमा माकारोनी र भुटेका प्याजहरू थिए। त्यो थाल एउटा टेबुलमाथि थियो। त्यसबेला उनले अचानक एउटा प्रश्न गरिन् जसले गर्दा आमा झस्किन्। "आमा के तपाईंलाई थाहा छ त्यो टेबुल परमेश्वरले हामीलाई दिनुभएको थियो?" डिनाराको प्रश्न थियो। "तिमीले के कुरा गरिरहेको? त्यसको त कुनै अर्थ नै छैन! तिम्रो बुबाले मेहनत गरेर पैसा कमायो अनि त्यस पैसाले पसलबाट त्यो टेबुल किनेर ल्याए। तिमीले कस्तो मूर्ख कुरा गरेको हो!" आमाले रिसाएर जवाफ दिइन्। डिनारा जिद्दी गर्दै रहिन् र भनिन् "अहँ, परमेश्वरले त्यो टेबुल दिनुभएको भनेर तिनीहरूले मलाई भनेका थिए।" "कसले भन्यो?" आमाले सोधिन्। उनी उनको देशमा रहेका अरूहरू जस्तै येशूलाई विश्वास गर्दैनथी। "कहिले र कहाँ यो टेबुल परमेश्वरले दिनुभयो भनेर तिमीले सुन्यौ?" आमाले थपिन्। उनी र उनका अरू कक्षा एकका साथीहरूले दयाको बारेमा सार्वजनिक स्कूलमा सिकेको उनले बताइन्। त्यस स्कूलमा एक दिन क्लासमा एक जना सेभेन्थ-डे एडभेन्टिस्ट शिक्षकले विद्यार्थीहरूलाई परमेश्वरको बारेमा बताएका थिए। "तिम्रो घरमा जे छ सो सबै थोक परमेश्वरबाट पाएकाछौ, त्यसकारण तिमीहरू आभारित हुनुपर्छ" उनले भने। डिनाराले यो कुरा धेरै दिनदेखि मनमा राखिरहेकी थिइन्। आफूले पाएको नयाँ ज्ञान आमालाई सुनाउँदा उनी खुशी हुनेछिन् भनेर डिनाराले ठानेकी थिइन्। तर आमा रिसले चुर भएर डिनारालाई गालि गरिन्। बाबुले मेहनत गरेर कमाएको पैसाले त्यो टेबुल किनेकाले उनलाई जस दिनुको सट्टा परमेश्वरलाई दिएकोले आमा रिसाएकी थिइन्। "म भोली स्कूल जान्छु र त्यस स्कूलले केटाकेटीहरूलाई परमेश्वरको बारेमा किन सिकाइरहेको भनेर गालि गर्नेछु" रिसले जुरमुरिएर आमाले भनिन्।

भोलिपल्ट आमा स्कूल गएर ठूलो बबाल मच्चाइन् र उनले अरू आमाबाबुहरूलाई पनि बटुलेर स्कूलमा परमेश्वरको बारेमा सिकाएकोले बिरोध जनाइन्। स्कूलको प्रिन्सिपलले आइन्दा त्यस स्कूलमा परमेश्वरको बारेमा कसैले उल्लेख गर्न नपाउने सहमती जनाए। तर त्यस बबालले डिनाको

दिमागमा झन गहिरो प्रभाव पाऱ्यो। त्यस स्कूलमा उनले परमेश्वरको बारेमा फेरि कहिल्यै नसुनेतापनि उहाँको बारेमा बारम्बार सोच्न थालेकी थिइन्।

त्यो घट्ना भएको नौ वर्ष पछि परिवारले नयाँ घर किने। डिनारा त्यसबेला १६ वर्षकी भएकी थिइन्। नयाँ घर चहार्दै गरेको बेलामा डिनाराले एउटा निलो खोल भएको बालबालिकाहरूको निम्ति लेखिएको च्याटच्युट पारेको बाइबल भेट्टाइन्। त्यस किताबिमा आधा पानाहरू थिएन, तर जे थियो उनले बढो चासो लिएर पढ्न थालिन्। उनले पढेको धेरै कुराहरू बुझेनन् तर त्यस पुस्तक परमेश्वरको बारेमा हो भनेर थाहा पाइन्। उनले पूरै बाइबल पढ्न चाहना गरिन्।

तीन वर्षपछि डिनाराले एडभेन्टिस्ट स्कूलमा अङ्ग्रेजी पढ्न थालिन्। एक दिन एक जना शिक्षकले उनलाई र अरू विद्यार्थीहरूलाई साबथको सभामा आउन निम्तो दिँदै भने "तिमीहरू चाहन्छौ भने अर्को साबथमा हाम्रो सभामा आउन सक्छौ।"

डिनारा सभामा गइन्। त्यो उनको निम्ति घट्लाग्दो थियो। मानिसहरूले प्रार्थना गरेको, बाइबलको बारेमा बोलेको र गीतहरू गाएको उनले मन पराइन्। त्यहाँ धेरै विदेशीहरू पनि थिए। तिनीहरूसँग उनले अङ्ग्रेजीमा कुरा गरिन्।

केही समय उनी प्रत्येक साबथ त्यस सभामा गइन्। ती दिनहरूमा उनले हप्ताको सातौं दिन शनिबारलाई साबथ मान्ने एक जना युवकसँग उनको विवाह भयो। काम गर्नु नपरेको शनिबार उनको श्रीमान पनि डिनारासँग खुशीसाथ चर्च गएको थियो। तर डिनारालाई कसोकसो असजिलो लागिरहेको थियो। एक दिन साबथमा सङ्गतिमा बसिरहेको बेलामा एउटा सोच उनको दिमागमा पस्यो। "म के ठिक गरिरहेको छु त? म यहाँ किन छु? मेरा मानिसहरू इसाई पनि होइनन्" उनले सोचिन्।

अनि उनी चर्च जान छोडिन्। उनी जान चाहेर पनि उनी डराएकी थिइन्। उनको मनभित्र संघर्ष भइरहेको थाहा पाएर उनको श्रीमान निकोलाईले उनी किन चर्चमा नगएको भनेर सोध्यो। आफू किन अलमलमा परेको भनेर उनले आफ्नो श्रीमानलाई सुनाइन्। "उनीहरूको परमेश्वरबाहेक अरू कुनै परमेश्वर छैन भनेर मेरा बुबाआमाले विश्वास गर्छन्" उनले भनिन्। "तर तिमी किन डराएको त? परमेश्वर एकमात्र हुनुहुन्छ। तिमी डराउनु आवश्यकनै छैन" श्रीमानले भन्यो। आफ्ना मानिसहरूले परम्पराले पढ्ने पवित्र

धर्मशास्त्रमात्र पढ्नुपर्छ भन्छन् र आफूचाहीँ बाइबल पढ्न मनलागेको बताइन्। परम्पराले प्रयोग गरेको पवित्र धर्मशास्त्र र बाइबलमा केही कुराहरू मिलेको निकोलाईले बतायो। आफ्ना मानिसहरू परम्परादेखि मानिआएको आराधना स्थलमा तिनीहरू जानुपर्थ्यो तर आफूचाहीँ एडभेन्टिस्ट आराधना घरमा जान चाहेकी उनले बताइन्। "त्यसमा के समस्या भयो त? तिमी दुवै आराधना गर्ने ठाउँमा जानसक्छौ। एडभेन्टिस्टले आराधना गर्ने ठाउँमा पनि तिमी जान सक्छौ। तिमीलाई कसैले रोकेको छैन" थप्दै निकोलाईले भन्यो। त्यसपछि डिनारा फेरि चर्च जान थालिन् र आफ्नो हृदय परमेश्वरलाई सुम्पिन्।

जहिले मनलाग्यो त्यसबेला बाइबल पढ्न पाएकोमा आज डिनारा खुशी छिन्। बाइबल र आफूसँग भएको सबै थोकको निम्ति उनले परमेश्वरलाई धन्यवाद दिन्छिन्। "म परमेश्वरलाई सधैं धन्यवाद दिन्छु। बिहान उठ्नेदेखि बेलुका सुत्ने बेलासम्म मेरो जीवन, मेरो खाना र टेबुलको निम्ति म परमेश्वरलाई धन्यवाद दिन्छु। सबै असल थोकहरू परमेश्वरबाट नै आउँदछ" हँसिलो भएर डिनाराले यस लेखकलाई सुनाइन्।

**-आन्ड्र्यु मेकचेस्नी**